# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट कार्तिक २६, २०७७ साल संख्याः ४**

**भाग - २**

## रिब्दीकोट गाउँपालिका

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका - २०७७

कार्यपालिकाबाट पारित मिति २०७७।०७।२६

प्रस्तावना :

शिक्षामा सबै वर्ग र समुदायका व्यक्तिहरुको सहज पहुँच पुऱ्याउन र शिक्षालाई सर्वसुलभ, व्यवस्थित तथा मर्यादित बनाउन, गाउँपालिका भित्र क्रमश गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जाने उद्देश्यले रिब्दीकोट गाउँपालिका क्षेत्र भित्र प्रचलित कानून अनुसार स्वीकृती तथा अनुमति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको पठन पाठनमा थप सहयोग पुऱ्याउन बितरण गरिने शिक्षक अनुदान रकम वितरण तथा व्यवस्थापन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाई एकरुपता कायम गर्नका लागि “शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका -२०७७” जारी गरिएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ:

क. यो कार्यविधिको नाम ‘‘शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका - २०७७” रहने छ ।

ख. यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नालागेमा यस कार्यविधिमा:

क. “निर्देशिका’’ भन्नाले शिक्षक अनुदान वितरण तथा शिक्षक व्यवस्थापन निर्देशिका- २०७७ सम्झनुपर्छ ।

ख. “मा.वि.’’ भन्नाले कक्षा ९-१० वा ९-१२ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

ग. “आधारभूत (नि.मा.वि.)’’ भन्नाले कक्षा ६-८ सम्म सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

घ. “प्राथमिक विद्यालय’’ भन्नाले कक्षा १-५ सम्म सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

ङ “प्रारम्भिक बालविकास’’ भन्नाले ३-५ वर्ष उमेर सम्मका बालबालिका अध्ययनरत तह भनेर सम्झनुपर्छ ।

च. “विद्यालय व्यवस्थापन समिति’’ भन्नाले विद्यालयको बिकासको लागि नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समिति लाई सम्झनुपर्छ ।

छ. “शिक्षक अभिभावक संघ’’ भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ ।

ज. “सामाजिक परीक्षण समिति’’ भन्नाले विद्यालयको सम्पुर्ण पक्षको आन्तरिक परीक्षण गर्न नियमानुसार गठन भएको सामाजिक परिक्षण समितिलाई सम्झनुपर्छ ।

झ, ‘‘प्रधानाध्यापक’’ भन्नाले विद्यालयको शैक्षिक एवं

प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

ञ. "शिक्षक" भन्नाले विद्यालयको प्रा.वि. तह देखि मा.वि. तह सम्म अध्यापन गर्ने ब्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले प्र.अ. समेतलाई जनाउँछ ।

ट. "गाउँपालिका" भन्नाले रिब्दीकोट गाउँपालिकालाई सम्झनुपर्छ ।

ठ. "कर्मचारी" भन्नाले विद्यालयलाई शिक्षा विकास तथा समन्वय ईंकाइबाट प्राप्त दरबन्दी र अनुदान तथा विद्यालयले आफ्नो आयश्यकता अनुसार दरबन्दी सिर्जना गरी नियुक्त गरेको लेखापाल, कार्यालय सहायक, कार्यालय सहयोगी, लाईब्रेरियन, चौकीदार र स्वीपर (सफाईकर्मी) लाई समेत सम्झनुपर्छ ।

ड. "अभिभावक" भन्नाले विद्यालयमा अध्यनरत विद्यार्थीको अभिभाबक भनि विद्यालयको अभिलेखमा जनिएको व्यक्ति बाबु, आमा, बाजे, बज्जै, धर्मबाबु, धर्म आमा र त्यस्ता अभिभावक नभएको हकमा विद्यार्थीलाई प्रचलित कानून अनुसार संरक्षकत्व प्रदान गर्ने ब्यक्ति सम्झनु पर्छ ।

ढ. "सम्बन्धित निकाय" भन्नाले रिब्दीकोट गाउँपालिका, शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षासंग सम्बन्धित संघीय तथा प्रदेश मन्त्रालयलाई प्रसंग अनुसार सम्झनुपर्छ ।

३. <u>उद्देश्यः</u>

रिब्दीकोट गाउँपालिका भित्रका मा.वि., आधारभूत (नि.मा.वि) तथा प्रा.वि. तह  र बालविकास सञ्चालन भएका तर दरबन्दी वा शिक्षक अनुदान नपाएका तथा न्युन शिक्षक भएका विद्यालयको पठन पाठनलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका

लागि सहयोग पुऱ्याउन आवश्यक भएकोले "शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका- २०७७" तर्जुमा गरिएको छ ।

## परिच्छेद- २
## शिक्षक अनुदान र शैक्षिक योग्यता

४. **शिक्षक अनुदान वितरण :**

रिब्दीकोट गाउँपालिकाबाट शिक्षक अनुदानको लागि विनियोजित आन्तरिक श्रोत रकमको परिधिभित्र रही प्रचलित कानून अनुसार स्वीकृती तथा अनुमती प्राप्त सामुदायिक विद्यालयलाई देहायका आधारमा शिक्षक अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

क. मा.वि. तह सञ्चालन भएको तर उक्त तहको दरबन्दी वा शिक्षक अनुदान नपाएका विद्यालयलाई बढीमा दुई जना माध्यमिक तहका शिक्षकका लागि ।

ख. आधारभूत तह कक्षा ६-८ सञ्चालन भएको तर दरवन्दी वा शिक्षक अनुदान नपाएका विद्यालयलाई उक्त तहको बढीमा एक जना शिक्षकका लागी ।

ग. प्रा.वि तह सञ्चालन भएको तर दरबन्दी वा शिक्षक अनुदान नपाएका बिद्यालयलाई उक्त तहको बढीमा एक जना शिक्षकका लागि ।

घ. गाउँपालिकाबाट अनुमति प्राप्त भई बालविकासको अनुदान नपाएका बालविकास केन्द्रका एक जना सहयोगी कार्यकर्ताका लागि ।

ङ. कक्षा १-५ संचालन भएको र कम्तिमा तीन जना शिक्षक नभएका विद्यालयमा एक जना शिक्षकका लागि र गाउपालिकाको शिक्षक विद्यार्थी अनुपात भन्दा उच्च शिक्षक विद्यार्थी अनुपात भएका विद्यालयका लागि अनुपातका आधारमा बढीमा दुई जना शिक्षकका लागि ।

च. शिक्षक अनुदानको लागि विद्यालयहरू छनौट तथा

अनुदान रकम निर्धारण गर्दा गाउँपालिकाबाट बिनियोजित रकमको सीमा भित्र रही बिद्यालयको तह, बिद्यार्थी संख्या र भौगोलिक बिकटताको आधारमा गाउँ शिक्षा समितिको निर्णय अनुसार वितरण गरिने छ ।

५. शैक्षिक योग्यता :

अनुदान रकमबाट भर्ना हुने शिक्षकको आवश्यक शैक्षिक योग्यता संघीय शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ । तर गणित र विज्ञान विषयको शिक्षकको लागि दोस्रो पटकको विज्ञापनमा अध्यापन अनुमति पत्र अनिवार्य गरिने छैन ।

## परिच्छेद - ३
## पदपूर्ति र नियुक्ति

६. पदपूर्तिः

(१) गाउँपालिकाबाट शिक्षक अनुदानको रकम र संख्या निर्धारण भएको पत्र प्राप्त भएपछि सम्बन्धित बिद्यालयले अंग्रेजी, बिज्ञान र गणित मध्ये आवश्यकता अनुसार बिषयको शिक्षक पद प्रतियोगितात्मक प्रतिस्पर्धाबाट प्रचलित कानून अनुसार निर्धारित प्रक्रिया पुऱ्याई छनौट गर्नु पनेछ। प्रतिस्पर्धाबाट छनौट भई अध्यापनरत बिषय मिल्दो शिक्षकलाई निरन्तरता दिन सक्नेछ। तर आधारभूत तह कक्षा १-५ मात्र सञ्चालन भएको विद्यालयको हकमा बिद्यालयले आफ्नो आवश्यकता अनुसारको विषय शिक्षक छनौट गर्न बाधा पर्ने छैन ।

(२) बिद्यालयलाई आवश्यक शिक्षकको पद संख्या, आवश्यक योग्यता (बिषयगतका हकमा विषय समेत उल्लेख गरी) परिक्षा हुने मिति, समय र स्थान सहित अन्य विवरण खुलाई कम्तीमा पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ र उक्त सूचनाको एक प्रति यस

गाउँपालिकामा समेत पठाउनु पर्नेछ ।

(३) प्रकाशित बिज्ञापनमा तोकिएको म्याद भित्र पर्न आएका दरखास्त उपर प्रारम्भिक छानविन गरी आवश्यक न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूलाई मात्र थप परिक्षामा सामेल गराई प्रचलित कानून अनुसार शिक्षक पदमा नियुक्तिका लागि उपयुक्त उमेदवार छनौट गर्नु पर्नेछ ।

(४) गाउँपालिकाको अनुदान प्राप्त शिक्षक पदपूर्तिका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ ।

क. बिद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

ख. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग शिक्षा शाखा प्रमुख वा वा निजले तोकेको अधिकृत- सदस्य

घ. विद्यालयले तोकेको सम्वन्धित विज्ञ १ जना - सदस्य

ङ. सम्वन्धित बिद्यालयको प्र.अ. वा निजले तोकेको शिक्षक - सदस्य सचिब

५. शिक्षक छनौट समितिको पदावधि सम्बन्धित पदपूर्ति कार्य समाप्त भए पछि स्वतः समाप्त हुनेछ ।

६. शिक्षक छनौट समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमअनुसार लिखित परीक्षाको प्रश्न पत्र तयार गर्ने , लिखित परीक्षा सञ्चालन गरी उत्तिर्ण उमेद्वारहरुको अन्तरवार्ता लिने ।

ख. सफल उमेद्वारलाई नियुक्तिको लागी बिद्यालय व्यवस्थापन समिति समक्ष सिफारिश

गर्ने ।

ग. सिफारिश भएका र वैकल्पिक उमेद्वारहरुको नामावली गाउँपालिकाको शिक्षा शाखामा पठाउने

घ. परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

ङ. छनौट समितिको सेवा सुविधा समिति आफैले निर्णय गरे अनुसार हुनेछ ।

७. नियुक्ति र म्याद थप :

(१) गाउँपालिकाको अनुदान प्राप्त शिक्षकको नियुक्ति र म्याद थप देहाय अनुसार गर्नु पर्नेछ ।

क. शिक्षक छनौट समितिबाट सिफारिश भएका उम्मेदवारलाई छनौट समितिबाट सिफारीस भएको मितिले सात दिन भित्र विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई बढीमा एक आर्थिक वर्षको लागि करारको रुपमा प्र. अ. ले नियुक्ति गरी सोको जानकारी गाउँपालिकाको शिक्षा शाखामा दिनु पर्नेछ ।

ख. छनौट समितिबाट सिफारिश भएका उम्मेदवारलाई सम्बन्धित विद्यालयले तोकिएको म्याद भित्र नियुक्ति नगरेमा त्यस्ता विद्यालयको अनुदान कोटा आवश्यकताको आधारमा अन्य विद्यालयलाई दिन सक्नेछ ।

ग. गाउँपालिकाले शिक्षक अनुदानबाट निरन्तरता दिएमा एक पटकमा एक आर्थिक वर्षमा नबढाई विद्यालय व्यवस्थापन समितिले करार नियुक्तिको म्याद थप गर्न सक्नेछ ।

८. काम, कर्तव्यः

गाउँपालिकाको अनुदानबाट नियुक्ति भएका शिक्षकहरुको काम

कर्तव्य गाउँ शिक्षा ऐनमा तोकिएको हकमा सोही बमोजिम र नतोकिएको हकमा संघिय शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

परिच्छेद- ४

तलब भत्ता

९. तलब भत्ताः

क. गाउँपालिकाको अनुदानबाट नियुक्त भएका शिक्षकले विद्यालयमा हाजिर भएको मितिदेखि गाउँपालिकाले तोके अनुसारको तलब मासिक वा चौमासिक रुपमा पाउनेछन् ।

ख. गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले १ महिनाको खाई पाई आएको तलब बराबरको रकम चाडपर्व खर्च बापत पाउनेछन् ।

१०. बिदाः

क. शिक्षकले वर्ष भरिमा भैपरी विदा ६ दिन , पर्व विदा ६ दिन, बिरामी १२ दिन र किरीया विदा शिक्षा नियमावली अनुसार १५ दिन, सुत्केरी बिदा हुनु अघि वा पछि गरी ९८ दिन र प्रसुती स्याहार विदा १५ दिन पाउनेछन् ।

ख. बिदामा बस्नुपर्दा स्वीकृत लिई बस्नुपर्नेछ ।

ग. बिरामी बिदा जति भएपनि संचित गर्न सकिनेछ तर संचित बिदा बापतको रकम पाइनेछैन ।

घ. बिदा अधिकार नभै सहुलियत मात्र हो ।

परिच्छेद .५

शिक्षकको आचारसंहिता

११. आचारसंहिता

गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकले तपशिल अनुसारको आचार संहिता पालना गर्नुपर्नेछ ।

क. नियमित रुपमा विद्यालयले तोकेको पोशाकमा हाजिर

भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेवारी पूरा गर्ने

ख . विद्यार्थी र शिक्षक बिच मर्यादित व्यवहार गर्ने ।

ग. आफ्नो पेशा प्रति इमान्दार रही विद्यालयको चौतर्फी विकासमा जोड दिने ।

घ. जनुसुकै परिस्थितिमा पनि विद्यालयका गोप्य राख्नु पर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रकट गर्न पाइने छैन ।

ङ. पद अनुसारको आचरण पालना गर्नुपर्नेछ ।

ख. विद्यालयको हित विपरित कुनै पनि काम गर्न पाईने छैन । विद्यालयको हित विपरित हुने कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने, ताला बन्दी गर्ने, शारीरिक तथा मानसिक दवाब दिने उदेश्यले कुनै किसिमको कार्य गर्न वा गराउन पाइने छैन ।

छ,. मादक पदार्थ सेवन गरी परिसर भित्र प्रवेश गर्न पाइने छैन ।

ज. आर्थिक अनुशासन भित्र रहनु पर्नेछ ।

झ. बिदा बस्दा पूर्व स्वीकृति लिएर मात्र बस्नुपर्नेछ ।

ञ. शिक्षक कर्मचारीले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचरण संघीय शिक्षा ऐन तथा नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद ६
## सजाय सम्बन्धि व्यवस्था

१२. सजाय :

उचित र पर्याप्त कारण भएमा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ ।

क. नसिहत दिन ।

ख. तलब भत्ता रोक्का गर्ने ।

ग. आवश्यक क्षतिपुर्ति भराउने ।

घ. निश्चित समयको लागि निलम्बन गर्ने ।

ङ सेवाबाट हटाउने वा बर्खास्त गर्ने ।

१३. नसिहत दिनेः

विद्यालयमा अनुपस्थित रहने, जिम्मेवारी पूरा नगर्ने र समय पालन नगरे निजलाई नसिहत दिन सक्नेछ ।

१४. तलब भत्ता रोक्का गर्नेः

देहायको अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्ष( कको तलब रोक्का गर्न सकिनेछ ।

क. अनुशासनहिन काम गरेमा,

ख. बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा,

ग. विना सूचना विद्यालयमा अनुपस्थित रहेमा,

घ. विद्यालयको काम समयमा सम्पन्न नगरेमा,

ङ. विद्यालय प्रशासनले दिएको आदेश पालना नगरेमा,

ख. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा,

छ, विद्यालयको गोपनियता भंग गरेमा

ज. यस कार्यविधि र प्रचलित कानुमा उल्लिखित आचार संहिताको पालना नगरेमा ।

१५. आवश्यक क्षतिपुर्ति भराउनेः

गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै पनि शिक्षकले जानाजानी लापरबाही गरी विद्यालयलाई कुनै हानी नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंशिक वा पुरा निजको तलबबाट कट्टा गरी असुल उपर गरिनेछ र तलबबाट नपुग रकम निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

१६. निश्चित समयको लागि निलम्बन गर्नेः

गाउँपालिकाको अनुदानबाट नियुक्त कुनैपनि शिक्षकलाई सजायको आदेश दिनु भन्दा अघि कुनै विषयमा जाँच बुझ गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सक्नेछ ।

१७. सेवाबाट हटाउने वा बर्खास्त गर्नेः

(१) देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाटं नियुक्त शिक्षकलाई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सक्नेछ ।

क. आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा,

ख, मादक पदार्थ सेवन गरी विद्यालय आएको प्रमाणित भएमा,

ग. विदा स्वीकृत नगराई ७ (सात) दिन सम्म अनुपस्थित भएमा,

घ. विद्यालयलाई हानी नोक्सानी हुने कार्य गरेमा,

ङ. विद्यालयको गोपनियता भंग गरेमा,

च. अनुशासन तथा आचरण सम्बन्धी व्यवस्था वारम्वार उल्लंघन गरेमा,

छ. मगज बिग्रेमा,

ज. विभागिय स्वीकृती नलिई व्यापार व्यवसाय तथा अन्य संस्थामा काम गरेमा ।

२. देहायका अवस्थामा गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलााई भविष्यमा शिक्षण संस्थामा नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सक्नेछ ।

क. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालाबाट सजाय पाएमा,

घ. भ्रष्टचार गरेको प्रमाणित भएमा,

ग. नोकरी पाउने उदेश्यले नक्कली प्रमाणपत्र पेश गरेमा वा उमेर ढाँटेमा ।

३. सजाय गर्ने अधिकारीः

गाउँपालिकाको अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन् ।

क. शिक्षकलाई सचेत गराउने, गयल कट्टी गर्ने अधिकार प्रधानाध्यापकलाई हुनेछ र प्रधानाध्यापकलाई सचेत गराउने, गयल कट्टी गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई हुनेछ ।

ख. शिक्षक तथा प्रधानाध्यापकको तलब रोक्का गर्ने तथा सेवाबाट हटाउने वा बर्खास्त गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई हुनेछ ।

तर सजाय दिने अधिकारीले गाउँपालिका शिक्षा शाखाको अनुमती लिई गाउँपालिकाको अनुदानबाट नियुक्त कुनै शिक्षकलाई सजायको आदेश दिनु भन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्नेछ र सम्बन्धित शिक्षकले पनि तोकिएको म्याद भित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ ।

## परिच्छेद ७
## विविध

१८ विविधः

क. यस निर्देशिका संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

ख. यस निर्देशिकामा उल्लेख नभएको कुराहरुको हकमा गाउँ तथा संघिय शिक्षा ऐन तथा नियमावली र शिक्षक सेवा आयोग नियमावली अनुसार हुनेछ ।

ग. यस निर्देशिकामा उल्लिखित कुनै व्यवस्थाका विषयमा

कुनै दुविधा भएमा गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

घ. यस निर्देशिका जारी हुनु भन्दा अगाडि गाँउपालिका र विद्यालयहरुबाट भएका कामकारबाहीहरु यसै निर्देशिका अनुसार भएको मानिने छ ।

आज्ञाले,
प्रेमचन्द्र अर्याल
प्रमुख प्रशासकीय अधिकृत